# देवघाट गाउँपालिका
## तनहुँ जिल्ला, गण्डकी प्रदेश

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः ३ संख्याः १२ मितिः २०७६/०५/१०**

## भाग – २
## देवघाट गाउँपालिका
# देवघाट गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७६

# देवघाट गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०५/०१
प्रमाणीकरण मितिः २०७६/०५/१०

**संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली**

प्रस्तावनाः सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले नेपालको संविधान, २०७२ को धारा २२६, स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ अनुसार देवघाट गाउँ कार्यपालिकाको मिति २०७६/०५/०१ को ३७ औ वैठकले यो नियमावली बनाएको छ ।

## परिच्छेद –१
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस नियमावलीको नाम "संस्था दर्ता नियमावली, २०७६" रहेको छ ।
   (२) यो नियमावली, देवघाट गाउँपालिका भर लागु हुनेछ ।
   (३) यो नियमावली, देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,
   क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, परिषद्, टोल विकास संस्था, अध्ययन केन्द्र, आश्रम, धर्मशाला आदि सम्झनुपर्छ ।
   ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय तह संचालन ऐन, २०७४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
   ग) "ऐन" भन्नाले स्थानीय तह संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।
   घ) "प्रबन्ध समिति" भन्नाले संस्थाको प्रबन्ध समिति वा कार्य समिति वा व्यवस्थापन समिति सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस नियमावली बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको चार प्रति र रु.१०००/- (एक हजार ) दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची - १ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः
   क) संस्थाको नाम,
   ख) उद्देश्यहरु,
   ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,
   घ) आर्थिक श्रोत,

ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ । टोल दर्ताको लागी वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ र कुनै कारवाहीमा रहे नरहेको तथा असल चालचलन सम्बन्धमा प्रहरी प्रतिवेदन बुझ्न सकिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ ।

**५. संस्थाको दर्ता र प्रमाण-पत्रः** नियम ४ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची - २ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था गरि दर्ता सकेपछि अनुसूची – ३ बमोजिमको दर्ताको प्रमाण–पत्र दिनेछ ।

**६. दर्ताको अवधि, नवीकरण र दस्तुरः** (१) नियम ५ बमोजिम दिएको दर्ताको प्रमाण–पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृतवाट पाँच सय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण–पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको–पत्र प्रमाण नवीकरणको लागि निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछः

क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाका लागि रु. १००/-

ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०/- (ग) खण्ड (ख) को म्याद नाघे पछि अर्को एक आर्थिक वर्षको लागि रु. ५००/- को दरले दुई आर्थिक लागि वर्षको रु. १,०००/-

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक लागि वर्षको रु. १०००/- (एक हजार रुपैंया) का दरले जरिबाना थप समेत लिई प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो दर्ताको प्रमाण–पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण–पत्र नवीकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षका लागि रु. १००/- (एकसय रुपैंया) दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण–पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण–पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

**७. संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

८. **संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

९. **अधि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः** यो नियमापवली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो नियमावली प्रारम्भ भएको मितिले तीन महीनाभित्र यो नियमावली बमोजिम दर्ता गराउनु पर्नेछ ।

१०. **संस्थाको उद्देश्यहरुमा हेरफेरः** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **हिसाबको विवरण पठाउनु पर्नेः** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष प्रमुख प्रशासकीय अधिकृतकहाँ पठाउनु पर्नेछ ।

१२. **हिसाब जाँच गर्नेः** (१) प्रमुख प्रशासकीय अधिकृते आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

१३. **निर्देशन दिनेः** नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१४. **दण्ड सजायः** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही रु. २०००/- (दुई हजाररुपैयाँ) सम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही रु. ५००/- (पाँच सय रुपैयाँ) सम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले रु. ५००/- (पाँचसय रुपैयाँ) सम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्का संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१५. **संस्थाको विघटन र त्यस्को परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो सस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

१६. **कार्यविधि बनाउने अधिकारः** यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले कार्यविधि बनाउन सक्नेछ ।

१७. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८. **खारेजी र बचाउः** (१) संघ संस्था परिचालन नियमावली, २०७५ खारेज गरिएको छ ।

(२) संघ संस्था परिचालन नियमावली, २०७५ अन्तर्गत सूचिकृत भएको संस्था यस नियमावली बमोजिम दर्ता भए सरह मानिनेछ ।

**अनुसूची— १**
**(नियम ३ सँग सम्बन्धित)**

**निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
देवघाट गाउँ कार्यपालिकको कार्यालय,
देवघाट, तनहुँ ।

महोदय,

हामीले ............................ सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता नियमावली, २०७६ बमोजिम संस्था दर्ता गर्नको लागी देहाय बमोजिमको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

**विवरण**

१. संस्थाको नामः
२. संस्थाको उद्देश्यहरुः

(क)
(ख)
(ग)

३. प्रबन्ध/कार्य/व्यवस्थापन समितिका सदस्यहरुको:

<u>नाम</u> <u>ठेगाना</u> <u>पेशा</u>

(क)
(ख)
(ग)

४. आर्थिक स्रोतः

५. कार्यालयको ठेगानाः

भवदीय,
पदाधिकारीहरुको नामः

मितिः

**अनुसूची–२**
**(नियम ४ सँग सम्बन्धित)**

**दर्ता किताबको ढाँचा**

**संस्थाको दर्ता किताव**

<table>
<tr><th rowspan="2">दर्ता नं.</th><th colspan="3">दर्ता मिति</th><th rowspan="2">संस्थाको नाम र ठेगाना</th><th rowspan="2">संस्थाको उद्देश्य</th><th rowspan="2">संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>साल</th><th>महिना</th><th>गते</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**अनुसूची–३**
**(नियम ४ सँगसम्बन्धित)**

**प्रमाण–पत्रको ढाँचा**

**संस्था दर्ताको प्रमाण–पत्र**

श्री अध्यक्ष/सचिव
.......................... ।

............................... (संस्थाको नाम) संस्था दर्ता नियमावली, २०७६ को दफा ४ बमोजिम .......... साल .......... महिना .......... गतेमा दर्ता गरी यो प्रमाण–पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको सहीः
पूरा नामः
दर्जाः
कार्यालयः

---

**नवीकरण**

| नवीकरण गरेको मिति | दर्ताको प्रमाण पत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |

<u>आज्ञाले</u>

**रमेश सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**